# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/३७/२०८०/०८१
## मितिः २०८०।०९।०३ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.१ का सम्बन्धमा छलफल गर्दा कार्यपालिका बैठकको गणपरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकका निर्णयहरुको छलफल तथा विश्लेषण गरियो ।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका वडा नं.४ बयरबनमा निर्माणाधीन १५ शैय्या अस्पतालको हालसम्म सम्पन्न कार्यको पूर्वाधार विकास शाखाबाट पेश भएबमोजिम रनिङ बिल अनुसारको अनुमानित रकम रु.४५,००,०००।(रु. पैतालिस लाख मात्र भ्याट सहित) प्रतिष्ठा के. एण्ड के.जेभी लाई गाउँपालिकाको आन्तरिक श्रोतबाट सोधभर्ना हुने गरी भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकालाई आ.व. २०७८।०७९ का लागि व.उ.शी.न.२.५.८ क्रियाकलाप नं.११.१.२.४४५ केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ को स्तरोन्नती भएका प्राविधिक धारका विद्यालयको ल्याब व्यवस्थापन अनुदान अन्तर्गत ८.३ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण (कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९) अनुदान अनुरुपको कार्य सम्पन्न कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ अनुसार विद्यालयबाट जनसेवा नमुना माध्यमिक विद्यालय गुरुयोजना, २०७८ स्वीकृत भई सो अनुसारको नमुना विद्यालयको क्रमागत भवन निर्माणका लागि जनसेवा नमुना माध्यमिक विद्यालय गुरुयोजना गाउँ कार्यपालिकावाट स्वीकृत गरी गाउँपालिकावाट नै नमुना विद्यालयको क्रमागत भवन निर्माणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०७८।११।२३ गते लिखित अनुरोध भई आए बमोजिम गाउँ कार्यपालिकाले निर्णय गरी जनसेवा नमुना विद्यालय कानेपोखरी-६ को क्रमागत भवन निर्माण गाउँपालिकावाट मिति २०७८।१२।११ को गाउँ कार्यपालिकाको बैठकवाट निर्णय स्वीकृती भई मिति २०७८।१२।३० गते बोलपत्र ठेक्का आव्हान भई सम्झौता भएकोमा कार्यसम्पन्न भई सकेकोले अन्तिम मूल्याङ्कन रकम रु.३७,५०,०००।–(भ्याट PS वाहेक(अक्षरुपी सैत्तिस लाख पचास हजार)) गाउँपालिकाको आन्तरिक स्रोतवाट भुक्तान गर्ने र पछि नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानबाट प्राप्त हुन आउने रकम सोध भर्ना गर्ने गरी निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं.(४)

प्रस्ताव नं.(४) सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका कार्यालयले प्रयोग गर्दै आएको सवारी साधन मर्मत वापतको रकम तपसिल बमोजिमको प्राप्त बिल भर्पाइ अनुसार रकम भुक्तानी दिने निर्णय सर्वसम्मतिवाट पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/३७/२०८०/०८१
## मितिः २०८०।०९।०३ गते बसेको बैठक

| क.स. | सवारी साधानको प्रकार र नम्बर | मर्मत आदेश मिति | रकम | बिल मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | दमकल, प्र १-०४,००१ ग ००११ | २०८०।०८।१० | २,०५,६६६ | ३८१,३८२,३८३ २०८०।०८।२० | |
| २ | को १ झ ५५७ | | ११८६५ | २०८०।०७।२८ | |
| ३ | को १ झ ५५७ | | ३३५४२ | २०८०।०७।१२ | |
| ४ | को १ झ ५५७ | २०८०।०६।०९ | ६६९११ | २०८०।०८।०७ | |
| ५ | को १ झ ५५७ | २०८०।०८।२४ | १३५५४९ | २०८०।०८।२५ | |

### निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्वन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत रहेका ७ वटै वडाहरुका अति विपन्न घर परिवारलाई बढ्दो शीतलहर तथा जाडोका कारण ज्यान जोखिम हुनवाट बचाउन विपद व्यवस्थापन कोषबाट रू.५,००,०००। (रु.पाँच लाख मात्र) विनियोजन गरी न्यानो कपडा, ब्लान्केट, स्वीटर, सिरक जस्ता कपडाहरु खरिद गरी वितरण गर्ने सर्वसम्मतिले निर्णय पारित गरियो।

### निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा ईराक स्थित वैदेशिक रोजगारमा गएका कानेपोखरी गाउँपालिका वडा नं.७ (साविक बयरवन गा.वि.स. नं.-९) का चन्द्रकुमार वस्नेतको मृत्य भएकोमा नीजको शव नेपाल झिकाउन करिव रु.७,००,०००। खर्च लाग्ने र परिवारको आर्थिक अवस्था कमजोर भएको कारण मृतकको शव नेपाल झिकाउन कानेपोखरी गाउँपालिकामा आर्थिक सहायताका लागी निवेदन पेश भएकोमा रु.२,००,०००।– (अक्षेरुपी दुई लाख ) विपद व्यवस्थापन कोष शीर्षकवाट आर्थिक सहायता दिने सर्वसम्मतिबाट निर्णय पारित गरियो।

### निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा जग्गा वर्गीकरण गर्ने सम्वन्धमा कार्य गर्न तपसिल बमोजिमको समिति गठन गर्ने सर्वसम्मतवाट निर्णय पारित गरियो।

| क.स. | नाम थर, पद | दर्जा |
|---|---|---|
| १ | श्री खड्गवहादुर वस्नेत, समाजिक विकास समिति संयोजक | संयोजक |
| २ | श्री रत्नवहादुर कार्की, १ नं. वडा अध्यक्ष | सदस्य |
| ३ | श्री गोपालवहादुर कार्की, ३ नं. वडा अध्यक्ष | सदस्य |
| ४ | श्री चरण गुरुङ , ५ नं. वडा अध्यक्ष | सदस्य |
| ५ | श्री मोहनप्रसाद अधिकारी, ७ नं. वडा अध्यक्ष | सदस्य |

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१

मितिः २०८०।०९।०३ गते बसेको बैठक

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | आईतावारे पश्चिम मन्दिर लाइन सडक उत्तरतर्फ वाल निर्माण | ७ | पालिका स्तर | पालिका स्तर | ९९७३२२ | ३४५९६७ | ५६६३९५ | | |
| जम्मा | | | | | ४७२९०२८ | २३०९२०२ | २१८२१७६ | ६००००० | |

निर्णय नं.(९)

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकामा रहेको तपसिल बमोजिमको विद्यालयहरुको अधुरो भवनहरुको निर्माण लागत अनुमान बमोजिम आ.व.२०८०।०८१ को विनियोजित रु.१५,००,००० (रु पन्ध्र लाख मात्र) अधुरो विद्यालय भवन निर्माण शीर्षकमा लागत अनुमान बमोजिम अपुग हुन आउने थप रकम समानीकरण शीर्षकबाट भुक्तानी हुने गरी ठेक्का प्रक्रियाबाट निर्माण कार्य सम्पन्न गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

तपसिल

१. श्री मा.वि. भौंसावारी वडा नं.-५

२. श्री प्रेम लक्ष्मी आ.वि.वडा नं.-२

३. श्री शिक्षा सदन आ.वि. वडा नं.-३

निर्णय नं.(१०)

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) को खण्ड (ख) को उपखण्ड(४) मा गाउँपालिकाका उपाध्यक्षले गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्न तपसिल बमोजिमको समिति गठन गरी सर्वसम्मतबाट निर्णय गरियो।

तपसिल

| सि.नं. | गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समितिमा रहने पदाधिकारी तथा कर्मचारी | समितिको दर्जा |
|---|---|---|
| १ | श्री भोलाप्रसाद अधिकारी, गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २ | कार्यपालिका सदस्य श्री पदमकुमारी कार्की | सदस्य |
| ३ | कार्यपालिका सदस्य श्री शुशिला श्रेष्ठ | सदस्य |
| ४ | पूर्वाधार विकास शाखाका प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी | सदस्य |
| ५ | साइट हेर्ने सम्वन्धित वडाका प्राविधिक | सदस्य |
| ६ | योजना तथा अनुगमन शाखाका प्रमुख वा कर्मचारी | सदस्य सचिव |

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१
मितिः २०८०।०९।०३ गते बसेको बैठक

निर्णय नं.(११)

प्रस्ताव नं.(११) माथि छलफल गर्दा वैकल्पिक शौर्य उर्जा सशर्त अनुदानबाट प्राप्त रकम ८०००००।- मा समानीकरण शीर्षकबाट रु.२,००,०००।- थप गरी ८,००,०००।- बराबरको गोबर ग्यास चुलो र रु.२००००० रकम बराबरको सोलार बत्ती तथा इन्डक्सन चुलो अति गरिब तथा बिपन्न परिबारलाई दिने सर्वसम्मतिबाट निर्णय पारित गरियो।

निर्णय नं.(१२)

प्रस्ताव नं.(१२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको लागि ७ वटै वडाबाट वडा समितिको निर्णय सहित कम्तिमा १/१ वटा विद्यालयको नाम तथा कार्यक्रम माग सिफारिस सहित प्राथमिकताको आधारमा आगामी कार्यपालिका बैठकबाट निर्णय गरी प्राथमिकताका आधारमा शिक्षा मन्त्रालय वा अन्तर्गतका निकायमा बजेट माग पेश गर्न सर्वसम्मतबाट निर्णय पारित गरियो।

निर्णय नं.(१३)

प्रस्ताव नं.(१३) विविध शीर्षक माथि छलफल गर्दा देहाय बमोजिमको विविध निर्णय सर्वसम्मतबाट पारित गरियो।

१. कानेपोखरी-२ श्री दुर्गा किर्तन मण्डलीलाई भजन कृतन सामग्री खरिदका लागि सो संस्थाका अध्यक्ष श्री तिर्थराज अधिकारीको नाममा निकासा हुने गरी विविध कार्यक्रम शीर्षकबाट रु.३०,०००।- दिने,
२. कानेपोखरी-२ बस्ने राजकुमार सतारलाई संथाल जातिको प्रथा परम्परा सस्कृतिको संरक्षण र सम्बर्धन गर्ने गरी वृतचित्र निर्माण कार्यका लागि स्थानीय आदिवासी समुदायको भाषा लिपि संरक्षण कार्यक्रम शीर्षकबाट रू.५०,०००।- दिने,
३. पथरी चासोक तङ्नाम उधौली पूजाको लागि कार्यक्रम खर्च शीर्षकबाट आर्थिक सहयोग रु.१५,०००।- दिने,
४. कानेपोखरी-२ बस्ने कौशिला ऋषिदेवको गाई बिरामी भै उपचारको क्रममा मृत्यु भएकाले विपद् व्यवस्थापन कोषबाट रु.२५,०००।- रकम दिने,
५. कानेपोखरी-३ का युवराज सापकोटाको निवेदन अनुसार भलिबल खेलमा सहभागी हुन केराबारी जानका लागि खेलकुद सहभागी प्रतियोगिता आयोजना शीर्षकबाट रु.३०,०००।- दिने,
६. कानेपोखरी-५ का स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वापतको रकम गत आ.ब.को भुक्तानीको लागि तपसिल बमोजिमको वडास्तरीय बजेट रमाईलो बहुमुखी क्याम्पस स्नातक तह छात्रवृत्ति वितरण शीर्षकबाट विद्यार्थीहरुलाई दिने,

तपसिल

१.अप्सन कन्दङ्वा- ४८५०।-

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१**
**मितिः २०८०।०९।०३ गते बसेको बैठक**

२.दिवाकर श्रेष्ठ- ४८५०।–
३.नैनकला पौडेल- ४८५०।–
४. निराजन देवकोटा- ४८५०।–
५. प्रतिक्षा कार्की- ४८५०।–

७. कानेपोखरी-३ का सुजन कुमार ठाकुरले बनाएको मन्दिरमा खानेपानी ट्युवेल जडानका लागि मर्मत सम्भार कोषबाट रु.१२,०००।– दिने,
८. कानेपोखरी-३ बस्ने रञ्जना चौधरी श्री पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरमा अध्ययन गरिरहेको आर्थिक अवस्था कमजोर भएकोले शैक्षिक सहयोग कार्यक्रम शीर्षकबाट आर्थिक सहयोग वापत रु.३०,००० दिने,
९. कानेपोखरी-६ का सन्दिप आले मगरको मेसिनले औंला काटिएको हुनाले उपचारको लागि आषधि उपचार खर्च शीर्षकबाट सहयोग रु.१५,०००।– दिने,
१०. कानेपोखरी-३ का नारायण प्रसाद कोईरालाको ३ विघाको पराल र १० मन धान जलेर पूर्ण नष्ट भएकाले विपद् व्वयस्थापन कोषबाट रु.२०,००० दिने,
११. कानेपोखरी-२ कालीकोशी बहत्तरविघे मोड देखि काफ्लेटोल सम्मको बाटोको दायाँबायाँ सरसफाई गरेवापतको विविध खर्च शीर्षकबाट रु.१७,५००।– दिने,
१२. तिम्सा साप्ताहिक पत्रिकाका प्रकाशक विजय खम्बुले सूचनामूलक सन्देश प्रसारण गरेवापत पत्र पत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च शीर्षकबाट रु.५०००।- दिने,
१३. कानेपोखरी-६ बस्ने थिर बहादुर ढुङ्गानालाई मुटु रोगको उपचारका लागि घरमा आर्थिक अवस्था नाजुक भएकाले थप उपचारको लागि आषधि उपचार खर्च शीर्षकबाट आर्थिक सहयोग वापत रु.१५,०००।– दिने,
१४. कानेपोखरी-२ का अतिविपन्न परिवारलाई शौचालय निर्माणका लागि पूर्वाधार तर्फको विविध शीर्षकबाट रु.५०,०००।– दिने,
१५. कानेपोखरी-५ ईन्द्रकुमारी तामाङ्गको छोरा कविराज तामाङ्ग केन्द्रीय कारागार सुन्धारा जेलमा नै बितेको र घरको आर्थिक अवस्था कमजोर भई काठमाण्डौं देखि कानेपोखरी सम्म लाश ल्याइ मृत्युसंस्कार गर्न विपद् व्यवस्थापन कोषबाट आर्थिक सहयोग वापत रु.३०,००० दिने,
१६. कानेपोखरी-५ निवासी टिकाराम पौडेलको खेतमा लगाएको केरा १६ घरी र पसाउन लागेको ४० बोट केरा हात्तीले नष्ट पारेकाले विपद् व्यवस्थापन कोषबाट रु.१०,०००।– दिने,
१७. कानेपोखरी-५ निवासी सम्भु दाहालको घर हात्तीले भत्काई साथै अन्नबाली खाई नष्ट पारेकाले रु.१५,०००।– दिने,
१८. कानेपोखरी-५ निवासी गणेश राईको घरमा हात्ती पसेर सम्पूर्ण धान नष्ट पारेकाले आर्थिक सहयोग वापत रु.१३,०००।– दिने,
१९. कानेपोखरी-७ बस्ने पुजन जोगीको आर्थिक अवस्था कमजोर भएकाले प्राविधिक शिक्षा अध्ययन वापत रु.३०,०००।– दिने ।

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१

## मितिः २०८०।०९।०३ गते बसेको बैठक

२०. कानेपोखरी-१ बस्ने श्रवण किस्कू प्रदेश नं.१ क्रिकेट टिममा छनौट भएकाले विभिन्न स्थानमा आयोजना हुने खेलमा सहभागी हुनका लागि खेलकूद सहभागी प्रतियोगिता आयोजना शीर्षकबाट आर्थिक सहयोग वापत रु.१०,०००।– दिने,

२१. कानेपोखरी-७ को चासोक तङ्नाम माङ्हिम निर्माण उपभोक्ता समितिलाई उभौली पर्व मनाउनका लागि कार्यक्रम खर्च शीर्षकबाट रु.३०,०००।– दिने,

२२. कानेपोखरी-२ दलेली स्थित श्री शिव र श्री राधाकृष्ण मन्दिर घेराबारा गर्न मठमन्दिर शीर्षकबाट रु.१,००,०००।– दिने,

२३. कानेपोखरी-४ स्थित रिन्छिन टासी छोयालिङ बौद्ध गुम्बा भवन मर्मतका लागि मठमन्दिर शीर्षकबाट रु.२,००,०००।– दिने ,

२४. कानेपोखरी-१ स्थित श्री मा.वि.होक्लाबारी अनुदान रकम वापत सामाजिक विकास तर्फको विविध कार्यक्रम शीर्षकबाट रु.२,००,००० दिने,

२५. कानेपोखरी-२ थानटोली पूर्व गुरुङ टोल सडकमा पर्ने कडिया खोलामा कल्भर्ट निर्माणका लागि मर्मत सम्भार कोषबाट रु.८०,०००।– दिने,

२६. कानेपोखरी-६ सुन्तोली खोलामा ह्युम पाइप जडान तथा कल्भर्ट निर्माणका लागि वडा स्तरीय विनियोजित वजेट रु ४ लाख ५० हजारमा मर्मत सम्भार कोषबाट रु.१,५०,०००। थप गरी कूल ६ लाखमा योजना सन्चालन गर्ने गराउने,

२७. कानेपोखरी-६ मा रहेको पान्थरे होलीमा कल्भर्ट निर्माणका लागि वडास्तरीय ह्युम पाइप जडान कल्भर्ट निर्माण शीर्षकमा विनियोजित रकम रु.४ लाख ५० हजारमा पूर्वाधार तर्फको विविध शीर्षकबाट रु.१५०,०००।– दिने,

२८. कानेपोखरी-६ मा रहेको भूमि थेगिमको घर पूर्व होलिमा पुरानो ह्युमपाइप जडानका लागि वडा स्तरीय विनियोजित बजेट रु १ लाख मा मर्मत सम्भार कोष शीर्षकबाट रु.४,००,०००।– थप गरी कूल ५ लाखको योजना सन्चालन गर्ने गराउने,

२९. कानेपोखरी-२ थानटोली पूर्व गुरुङ बस्ती सडक खण्डमा कल्भर्ट निर्माणका लागि पूर्वाधार तर्फको विविध शीर्षकबाट रु.५,००,०००।– विनियोजन गर्ने ,

३०. कानेपोखरी-६ नर्सरीडाँडामा रहेको धिमाल जाति विकास केन्द्रले निर्माण गरिरहेको धिमाल जातिको भलुवा महाराज धिमाल ग्रामथानको भवन निर्माणका लागि मठमन्दिर कार्यक्रम शीर्षकबाट रु.२,००,०००।– विनियोजन गर्ने,

३१. कानेपोखरी-६ प्रणामी डाँडा श्री कृष्ण प्रणामी मन्दिर निर्माणका लागि मठ मन्दिर शीर्षकबाट रु.२,००,०००।– दिने,

३२. कानेपोखरी-७ मा रहेको लिम्बु जातिको पुजाआजा गर्ने माङ्हिम निर्माणको क्रममा अधुरो रहेकाले ट्रष्ट र पर्खाल निर्माणका साथै चासोक तङ्नाम माङ्हिम घर निर्माणका लागि मठ मन्दिर शीर्षकबाट रु.२,००,०००।– दिने,

३३. कानेपोखरी-७ मा रहेको स्यार्लो तमु प्ये ल्हु संघको गुम्वा रङ्ग रोगन गर्नका लागि मर्मत सम्भार शीर्षक वाट रु.५०,०००।– दिने,

CamScanner

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१
## मितिः २०८०।०९।०३ गते बसेको बैठक

३४. कानेपोखरी-२ चिसाङ्ग खोला पूर्व माथिल्लो नहरको उत्तर दिशामा रहेको हनुमान मन्दिर मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार शीर्षकबाट रु.३०,०००।– दिने,

३५. कानेपोखरी-३ किरातेश्वर महादेव देबमाड्हिमको प्राङ्गनमा फाल्गुनन्द सभागृह भवन निर्माणका लागि मठ मन्दिर शीर्षकबाट रु.२०००००।– दिने,

३६. कानेपोखरी-२ स्थित काफ्ले टोल हुँदै जमुनगाछी रखिलाल टोल छुने बाटो ग्राभेलको लागि मर्मत सम्भार शीर्षकबाट रु.२,७५,०००।– दिने,

३७. कानेपोखरी-६ मा रहेको दिपक तिम्सीनाको घरदेखि पुर्ण राईको घरसम्म जोड्ने सडकमा ड्रेन निर्माणको लागि पूर्वाधार तर्फको विविध शीर्षकबाट रु.३,००,०००।– विनियोजन गर्ने

३८. कानेपोखरी-५, पूरानो भौसाबारी न्यौपाने टोल सडक स्तरउन्नति गर्नका लागि मर्मत सम्भार शीर्षक बाट रु.३,००,०००।– दिने,

३९. कानेपोखरी-७ स्थित पच्चिस बिघेका ५० विपन्न परिवारले खाँदै गरेको पानीको मोटर बिग्रिएकाले खानेपानी मोटर खरिदका लागि मर्मत सम्भार शीर्षकबाट रु.३०,०००।– दिने,

४०. कानेपोखरी-६ को मुगाधन राईको घरदेखि दक्षिण केवल राईको घर सम्म जाने सडकमा ह्युमपाइप गडान तथा निर्माणका लागि मर्मत सम्भार शीर्षक बाट रु.१,००,०००।– दिने,

४१. कानेपोखरी-२ को जमुनखाँडी पैनी मर्मतका लागि मर्मत सम्भार शीर्षक बाट रु.२,००,०००।– दिने,

४२. कानेपोखरी-२ र ३ लाई जोड्ने कृषि सडक स्तरोउन्नतिको लागि मर्मत सम्भार शीर्षक बाट रु.१,००,०००।– दिने,

४३. कानेपोखरी-५ बस्ने दुखनलाल चौधरीको घरको अवस्था अत्यन्त नाजुक भै छोराछोरी पढाउन समेत नसक्ने भएकाले सामाजिक आर्थिक रुपले पिछडिएका र भिन्न क्षमता भएका विद्यार्थीलाई शैक्षिक सहयोग कार्यक्रम शीर्षकबाट आर्थिक सहयोग रु.२०,०००।– दिने,

४४. कानेपोखरी-१ बस्ने संथाल फुटबल क्लबका अध्यक्ष सुफल किस्कुलाई प्रथम वडा अध्यक्षकप फुटवल प्रतियोगिताको लागि खेलकूद सहभागी प्रतियोगिता आयोजना शीर्षकबाट आर्थिक सहयोग रु.१२,००० दिने,

४५. कानेपोखरी-३ को भ्यागुते पुलको छेउ हुँदै सजिलाल चैधरीको घरसम्म जोड्ने सडक मर्मत सम्भार गर्न रु.४,००,००० (रु चार लाख मात्र) मर्मत सम्भार शीर्षकबाट बजेट विनियोजन गरी योजना सन्चालन गर्ने,

४६. कानेपोखरी-५ डुम्रिघाट धिमाल महाराजथान घेराबारा निर्माण कार्य अधुरो रहेकाले कार्य सम्पन्न गर्न लाग्ने रकम रु.१,५०,०००।– मर्मत सम्भार कोषबाट दिने,

४७. कानेपोखरी-५ स्थित जनता आधारभूत विद्यालय चिसाङमा कार्यरत तत्कालीन प्रधानाध्यापक श्री विन्देश्वर रजकले विविध शीर्षकमा खर्च गरेकाले विद्यालयको प्रयोजनमा बिल भर्पाई बमोजिम खर्च गरेकोले विद्यालय व्यवस्थापनको समितिको निर्णय बमोजिम गाउँपालिकामा शोधभर्ना माग भएकोमा रु.३६,०००।-कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने।

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३७/२०८०/०८१
मितिः २०८०।०९।०३ गते बसेको बैठक

| | | |
|---|---|---|
| ६ | श्री साउनी माझी, कार्यपालिका सदस्य | सदस्य |
| ७ | श्री गोविन्दप्रसाद फुयल, अधिकृत सातौं | सदस्य सचिव |

## निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्वन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतिवाट निर्णय पारित गरियो।

तपसिल

आ.व. २०८०-०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजनाहरू

| क.स. | आयोजना/कार्यक्रमको नाम | वडा | वडा स्तर/ पालिका स्तर | बजेटको शीर्षक | जम्मा लागत अनुमान रू. | प्रधानमन्त्री रोजगार कार्यक्रमवाट विनियोजित रकम रु. | पालिकास्तर बाट विनियोजित रकम रू. | वडास्तर बाट विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | टिक बहादुर भण्डारीको घरछेउ नहर बाट झिलिमिली टोल सम्मको पैनी मर्मत | १ | छैन | प्र.रो.का. | १३४१६५ | १३४१६५ | ० | | |
| २ | वडा कार्यालयवाट राधाकृष्णटोल जाने सडक ड्रेन निर्माण | १ | वडा स्तर र पालिका स्तर | वडा स्तर र पालिका स्तर | ८६६८३९ | २९१६२८ | २००००० | ३००००० | |
| ३ | राते खोलामा बाँध मर्मत | ३ | वडा स्तर र पालिका स्तर | वडा स्तर र पालिका स्तर | ३३९७५५ | ८६७६५६ | ११९९९१ | १००००० | |
| ४ | पिङ्गडाँडा सिँचाई जल उपभोक्ता संस्था पैनीमा वाल निर्माण | ४ | वडा स्तर र पालिका स्तर | वडा स्तर र पालिका स्तर | ३९२९०० | १२६००४ | ३२०८३ | २००००० | |
| ५ | पिङ्गडाँडा सिँचाई जल उपभोक्ता संस्था पैनीमा वाल निर्माण | ४ | पालिका स्तर | पालिका स्तर | ६११३७७ | २०४३९८ | ३५३८९५ | | |
| ६ | थिर प्रसाद न्यौपाने र कालेकोशी २ नं. को पैनीमा बाँध निर्माण | ५ | पालिका स्तर | पालिका स्तर | १७२३४३ | ३०४०४ | १२३४२५ | | |
| ७ | बाँसवारी पैनी बाँध निर्माण | ५ | पालिका स्तर | पालिका स्तर | ३४०२६४ | ५८१०२ | २४५३५८ | | |
| ८ | सीता ६ धारे पैनी सुन्तली आ.बि. अगाडी ड्रेन निर्माण | ६ | पालिका स्तर | पालिका स्तर | ४२९०२३ | १४४१०१ | २४६८८८ | | |
| ९ | मछिन्द्र पैनी दहि झिंघे सिचाइ जलु उपभोक्ता संस्था | ६ | पालिका स्तर | पालिका स्तर | ४४५०४० | १०६७७७ | २९४१४१ | | |

CamScanner